श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३२ सालको ऐन नं. २

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### लेखापरीक्षकहरूको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– लेखापरीक्षकहरूको योग्यता, आचरण, अधिकार तथा कर्तव्यको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "लेखापरीक्षकसम्बन्धी ऐन, २०३१" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "लेखापरीक्षक" भन्नाले यो ऐनबमोजिम लेखापरीक्षकको रूपमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(ख) "संस्था" भन्नाले प्रचलित नेपाल कानूनबमोजिम लेखापरीक्षण गराउनु पर्ने कर्तव्य भएको कम्पनी, फर्म, समिति, संघ वा अन्य कुनै संस्था सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. अरूबाट गराएको लेखापरीक्षण मान्य नहुने:– कुनै संस्थाले लेखापरीक्षण गराउँदा यस ऐनबमोजिम नाम दर्ता भई प्रमाणपत्र प्राप्त गरेको लेखापरीक्षकबाट गराउनु पर्नेछ र सो बाहेक अरू कसैबाट लेखापरीक्षण गराएमा त्यस्तो लेखापरीक्षणलाई मान्यता दिइने छैन।

तर, महालेखापरीक्षकले वा श्री ५ को सरकारले प्रचलित नेपाल कानूनबमोजिम गरेको लेखापरीक्षणको सम्बन्धमा यो दफा लागू हुने छैन ।

लेखापरीक्षकको अधिकार:– देहायको योग्यता र अनुभव भएको लेखापरीक्षकले देहायको हदसम्मको लेखापरीक्षण गर्न सक्नेछ:–

(क) चार्टर्ड एकाउन्टेन्सी वा सो सरह उत्तीर्ण भै लेखा वा लेखापरीक्षणको पाँच वर्षको अनुभव भइसकेको व्यक्तिले जतिसुकै रूपैयाँको कारोवार हुने संस्थाको लेखापरीक्षण गर्न सक्नेछ ।

(ख) चार्टर्ड एकाउन्टेन्सी वा सो सरह उत्तीर्ण भएको व्यक्तिले वा वाणिज्य स्नातक भै लेखा वा लेखापरीक्षणको पाँच वर्षको अनुभव भइसकेको व्यक्तिले पाँच करोड रूपैयाँसम्मको कारोवार हुने संस्थाको लेखा–परीक्षण गर्न सक्नेछ ।

(ग) स्नातक भई लेखा वा लेखापरीक्षणको पाँच वर्षको अनुभव पाइसकेको व्यक्तिले वा राजपत्राँकित पदमा पाँच वर्षसम्म लेखा वा लेखा-परीक्षणसम्बन्धी काम गरिसकेको व्यक्तिले एक करोड रूपैयाँसम्मको कारोवार हुने संस्थाको लेखापरीक्षण गर्न सक्नेछ ।

(घ) राजपत्र अनंकित प्रथम वा द्वितीय श्रेणीको पदमा वा दुबैमा गरी पाँच वर्षसम्म लेखा वा लेखापरीक्षणसम्बन्धी काम गरिसकेको व्यक्तिले पाँच लाख रूपैयाँसम्मको कारोवार हुने संस्थाको लेखा-परीक्षण गर्न सक्नेछ ।

स्पष्टीकरण:– (१) यस दफाको खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित योग्यता नपुगेको तर यो ऐन प्रारम्भ हुनुभन्दा अगावै महालेखापरीक्षकको विभागबाट लेखापरीक्षकको प्रमाणपत्र पाइसके-को व्यक्ति खण्ड (घ) मा उल्लिखित योग्यता भएको सरह मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यस दफाको प्रयोजनको लागि–

"कारोवार" भन्नाले वासलात तयार गर्ने संस्थाको हकमा जम्मा सम्पत्ति वा दायित्वलाई र अरूको हकमा आम्दानी वा खर्चलाई सम्झनु पर्छ।

५. अयोग्यताः– दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि मगज बिग्रेको वा नैतिक पतन देखिने फौजदारी अपराधमा अदालतबाट ६ महीनाभन्दा बढी कैदको सजाय पाएको व्यक्ति लेखापरीक्षकको रूपमा दर्ता हुन योग्य हुने छैन।

६. लेखापरीक्षकको दर्ता र प्रमाणपत्र :– यस ऐनबमोजिम लेखापरीक्षकको रूपमा आफ्नो नाम दर्ता गराउन चाहने व्यक्तिले आफ्नो शैक्षिक योग्यता र अनुभवको प्रमाणहरू संलग्न राखी महालेखापरीक्षककहाँ तोकिएबमोजिमको ढाँचामा निवेदनपत्र दिनु पर्छ र सोबमोजिम पर्न आएको निवेदनपत्रउपर विचार गरी तोकिएबमोजिम महालेखापरीक्षकले दफा ४ मा लेखिएका कुराहरूको अधीनमा रही तोकिएको दस्तूर लिई निजको नाम लेखापरीक्षकको रूपमा दर्ता गरी तोकिएबमोजिमको ढाँचामा लेखापरीक्षकको प्रमाणपत्र दिनेछ।

७. लेखापरीक्षण गर्ने संस्थाको दर्ता गर्ने :– (१) एक वा एकभन्दा बढी व्यक्तिहरू मिली कसैले लेखापरीक्षण संस्थाको नाम दर्ता गराई लेखापरीक्षण गर्न चाहेमा त्यस्तो प्रत्येक व्यक्तिले प्राप्त गरेको प्रमाणपत्र संलग्न राखी महालेखापरीक्षककहाँ तोकिएबमोजिमको ढाँचामा निवेदनपत्र दिनु पर्छ र सोबमोजिम पर्न आएको निवेदनपत्रउपर विचार गरी महालेखापरीक्षकले तोकिएको दस्तूर लिई लेखापरीक्षण संस्थाको दर्ता गरी तोकिएको ढाँचामा प्रमाणपत्र दिनेछ।

(२) लेखापरीक्षकले कुनै लेखापरीक्षण संस्थाको नामबाट लेखापरीक्षण गरेकोमा निजले गरेको लेखापरीक्षणको सम्बन्धमा निजको र सो संस्थाको समेत व्यक्तिगत तथा सामूहिक रूपमा जवाफदेही हुनेछ।

८. प्रमाणपत्रको नवीकरणः– (१) दफा ६ र दफा ७ बमोजिमको प्रमाणपत्र एक आर्थिक वर्षसम्म बहाल रहनेछ र सो आर्थिक वर्ष भुक्तान भएको पैंतीस दिनभित्र तोकिएको दस्तूर बुझाई महालेखापरीक्षकबाट नवीकरण गराउनु पर्नेछ।

(२) उप–दफा (१) बमोजिमको म्यादभित्र प्रमाणपत्र नवीकरण गराउन नसक्ने कुनै मनासिब माफिकको कारण रहेछ भने सो म्याद नाघेको पैंतीस दिनभित्र निवेदन पर्न आएमा महालेखापरीक्षकले तोकिएबमोजिमको थप नवीकरण दस्तूर लिई प्रमाणपत्र नवीकरण गरी दिन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. लेखापरीक्षकहरूको नामावली प्रकाशित गर्नेः– महालेखापरीक्षकले प्रत्येक साल आर्थिक वर्ष भुक्तान भएको तीन महीनाभित्र लेखापरीक्षकहरू तथा लेखापरीक्षण संस्थाहरूको नामावली पत्र–पत्रिकामा प्रकाशित गराउनेछ ।

१०. लेखापरीक्षकले प्रतिवेदन पेश गर्नु पर्नेः– (१) लेखापरीक्षकले कुनै संस्थाको लेखापरीक्षण गर्नु अगावै आफ्नो नाम र दर्ता नम्बर समेत उल्लेख गरी सो कुराको सूचना महालेखापरीक्षकलाई दिनु पर्नेछ ।

(२) आफूले गरेको लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित संस्थामा प्रस्तुत गरेपछि लेखापरीक्षकले सो प्रतिवेदनको एक प्रति महालेखापरीक्षककहाँ पैंतीस दिनभित्र पठाउनु पर्नेछ । महालेखापरीक्षकले सो प्रतिवेदनबाट देखेको त्रुटि वा अनियमितताको सम्बन्धमा लेखापरीक्षकलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु लेखापरीक्षकको कर्तव्य हुनेछ ।

११. प्रमाणपत्र रद्द गर्नेः– कसैले झुट्टा बेहोरा पेश गरी लेखापरीक्षकको प्रमाणपत्र प्राप्त गरेको वा गल्तीले कसैलाई लेखापरीक्षकको प्रमाणपत्र दिएको थाहा हुन आएमा महालेखापरीक्षकले त्यस्तो लेखापरीक्षकको प्रमाणपत्र रद्द गर्नेछ र सो कुराको सूचना पत्र-पत्रिकामा प्रकाशित गरिनेछ ।

१२. लेखापरीक्षकको पारिश्रमिक र अन्य सुविधाः– लेखापरीक्षकको पारिश्रमिक र अन्य सुविधा तोकिएबमोजिम हुनेछ ।

१३. लेखापरीक्षकको आचरणः– प्रत्येक लेखापरीक्षकले आफ्नो व्यावसायिक आचरण पालना गर्नु पर्नेछ र त्यस्तो आचरण तोकिएबमोजिम हुनेछ ।

१४. अनुशासन समितिः– (१) आफ्नो व्यावसायिक आचरण पालना नगर्ने लेखापरीक्षकउपर कारवाई गर्न देहायका सदस्यहरू भएको एक अनुशासन समिति गठन हुनेछः–

(क) उप-महालेखापरीक्षक – – – – अध्यक्ष
(ख) महालेखानियन्त्रक – – – – – सदस्य
(ग) महालेखापरीक्षकले तोकेको एकजना कानून वेत्ता – – – – – – – सदस्य
(घ) दर्तावाला चार्टर्ड एकाउण्टेण्टहरूमध्ये दर्ताको ज्येष्ठता क्रमानुसार एक एक वर्षको पालो गरी २ जना सदस्य

तर, ती सदस्यमध्ये कुनैउपर नै कारवाई हुने भएमा सो कारवाई हुंदा ती सदस्यपछि दर्ताको ज्येष्ठता क्रम हुने चार्टर्ड एकाउण्टेण्टले भाग लिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै लेखापरीक्षकले आफ्नो व्यावसायिक आचरण पालना नगरेमा त्यसको उजूरी महालेखापरीक्षकमार्फत अनुशासन समितिमा दिनु पर्नेछ।

(३) उप-दफा (२) बमोजिम उजूरी परेमा अनुशासन समितिले सबै कुरा जाँचबुझ गरी सम्बन्धित लेखापरीक्षकले व्यावसायिक आचरण पालना नगरेको ठहरेमा निजको सजायको लागि महालेखापरीक्षकसमक्ष सिफारिश गर्नेछ।

(४) अनुशासन समितिले उप-दफा (३) बमोजिम कारवाई गर्दा सम्बन्धित लेखापरीक्षकलाई निजउपर लागेको आरोपसमेत खुलाई आफ्नो सफाइको सबूत पेश गर्न तीस दिनको म्याद दिनु पर्नेछ।

(५) अनुशासन समितिले आफ्नो कारवाईको सिलसिलामा साक्षी प्रमाण बुझ्न, लिखत पेश गराउन र पक्षहरू उपस्थित गराउन सक्नेछ।

(६) अनुशासन समितिले आफ्नो अन्य कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ।

१५. <u>सजायः</u>– (१) आफ्नो व्यावसायिक आचरण पालना नगरेको भनी अनुशासन समितिले ठहराएको लेखापरीक्षकलाई महालेखापरीक्षकले देहायको कुनै सजाय गर्न सक्नेछः–

(क) नसिहत दिने,
(ख) कुनै खास अवधि तोकी सो अवधिसम्म निजले लेखापरीक्षणको काम गर्न नपाउने गरी निजको प्रमाणपत्र निलम्बन गर्ने,
(ग) निजको प्रमाणपत्र खारेज गर्ने।

१६. <u>नियम बनाउने अधिकारः</u>– यस ऐनको उद्देश्य कार्यान्वित गर्न महालेखापरीक्षकले नियमहरू बनाउन सक्नेछ।

१७. <u>बचाउः</u>– यस ऐनको अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुभन्दा अगावै महालेखापरीक्षकको विभागबाट लेखापरीक्षकको प्रमाणपत्र पाइसकेका व्यक्तिहरूका सम्बन्धमा त्यस्तो प्रमाणपत्रको अवधिभर सो प्रमाणपत्र यसै ऐन अन्तर्गत पाएको सरह मानिनेछ र सो प्रमाणपत्रको अवधिभर त्यस्तो व्यक्तिहरूको हकमा दफा ४ मा उल्लिखित योग्यता तथा बन्देज लागू हुने छैन। त्यस्तो प्रमाणपत्र पाएको लेखा–परीक्षकले कुनै संस्थाको कुनै एक आर्थिक वर्षको लेखापरीक्षण शुरू गरी प्रमाणपत्रको बाँकी अवधिभरमा लेखापरीक्षणको काम नसकिने रहेछ भने सोही लेखापरीक्षण नसकिएसम्मको लागि दफा ४ मा लेखिएको कुनै कुराले बाधा पुऱ्याउने छैन।

१८. <u>खारेजीः</u>– कम्पनी ऐन, २०२१ को दफा ९७ र दफा ९८ खारेज गरिएको छ।

लालमोहर सदर मितिः– २०३२।१।११।५

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९/७

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।